# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, मंसीर १६ गते २०५६ साल ( अतिरिक्ताङ्क ३३ (ख)

## भाग ३

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्यभित्ररहेका सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्नको लागि देहायबमोजिमको सुकुम्बासी समस्या समाधान आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकारसमेत देहायबमोजिम तोकेको छ ।

१. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आयोगको प्रयोजनका लागि,–

(क) "सुकुम्बासी" भन्नाले नेपाल अधिराज्यभित्र आफ्नो वा आफ्नो अंशियारको नाममा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा आफ्नो अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने साधन स्रोत नभएका भूमिहीन वा दैवीप्रकोपबाट घर जग्गा विहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले आफ्नो वा आफ्नो अंशियारको नाममा अन्यत्र कतै घर जग्गा भएको वा नभएको बिक्रम सम्बत् २०४८ सालको प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदा सम्बन्धित क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम समावेश गरी निर्वाचनको मिति सम्ममा कुनै सरकारी, पर्ति वा ऐलानी जस्ता जग्गामा घरबास गरी बसेको व्यक्ति सम्झनु पर्दछ ।

१०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "आयोग" भन्नाले दफा २ बमोजिम गठित सुकुम्बासी समस्या समाधान आयोगलाई जनाउँछ ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समितिलाई जनाउँछ ।

२. आयोगको गठन: (१) सुकुम्बासी समस्या समाधान आयोगको गठन देहाय बमोजिम गरिएको छ ।

| | |
|---|---|
| (क) विभागीय मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | अध्यक्ष |
| (ख) तेजप्रसाद सिटौला, तेह्रथुम | उपाध्यक्ष |
| (ग) वसन्त गुरुङ्ग, महोत्तरी | उपाध्यक्ष |
| (घ) हरिप्रसाद चौधरी, दाङ्ग | सदस्य |
| (ङ) तिलक सापकोटा, नवलपरासी | सदस्य |
| (च) कृष्णकुमार जोशी, बैतडी | सदस्य |
| (छ) त्रिलोचन पौडेल, चितवन | सदस्य |
| (ज) मदन अमात्य, ललितपुर | सदस्य |
| (झ) हरि नेपाल, पाल्पा | सदस्य |
| (ञ) सूर्य नारायण यादव, सिराहा | सदस्य |
| (ट) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (ठ) सचिव, गृह मन्त्रालय | सदस्य |
| (ड) सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ढ) सचिव, वन तथा भू संरक्षण मन्त्रालय | सदस्य |
| (ण) सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (त) सचिव, कृषि मन्त्रालय | सदस्य |
| (थ) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | सदस्य |
| (द) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| (ध) श्री ५ को सरकारले तोकेको राजपत्राङ्कित विशिष्ठ श्रेणीको अधिकृत | सदस्य-सचिव |

(२) आयोगको एक छुट्टै सचिवालय हुनेछ । सदस्य-सचिवले आयोगको निर्णय कार्यान्वयन लगायत दैनिक कार्य सञ्चालन गर्नेछ ।

(३) आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आयोगको काम, कर्तव्य र अधिकार: (१) नेपाल अधिराज्यभित्र रहेको सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्नको लागि आयोगले देहायका अवस्थाका जग्गाहरू मात्र सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई बितरण वा बिक्रीको व्यवस्था गर्न सक्नेछ ।

(क) भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम तोकिएको अधिकतम हदबन्दी भन्दा बढी भई प्राप्त वा जफत गरिएको जग्गा (मोहियानी लागेको बाहेक),

(ख) श्री ५ को सरकारको तर्फबाट यस अघि बसोबास वा पुनर्वास कार्यक्रमलाई छुट्याएको तर वितरण भैनसकेको जग्गा,

(ग) कुनै व्यक्ति वा संस्थाले निजी नम्बरी जग्गामा सरकारी जग्गा घुसाई खाएकोमा सरकारी जग्गा जति सम्बन्धित व्यक्ति वा संस्थाबाट छुट्याई प्राप्त भएको जग्गा,

(घ) श्री ५ को सरकारका नाउँमा दर्ता रहेको वा अधिनमा रहेको ऐलानी, पर्ति जग्गाहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका जग्गाहरू आयोगले वितरण गर्ने छैन:-

(क) प्रचलित कानून बमोजिम कायम रहेको सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएका जग्गाहरू,

(ख) काठमाडौं उपत्यकाभित्रका जग्गाहरू ।

(३) आयोगबाट वितरण वा बिक्री गरिने जग्गाको अधिकतम हद (क्षेत्रफल) र मूल्य आयोगले तोके बमोजिम हुनेछ । तर अव्यविस्थत बसोबासीको हकमा अन्यत्र जग्गा भएकालाई मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको मूल्यको दोब्बर र अन्यत्र जग्गा नभएका अव्यवस्थित बसोबासीको हकमा सुकुम्बासी सरहको मूल्य कायम गरिनेछ ।

(४) आयोगले जग्गा वितरण वा बिक्री गर्दा सम्बन्धित क्षेत्रको सडक, खानेपानी, नदी कटान एवं भूक्षयको अवस्था, वातावरण तथा वन क्षेत्र संरक्षण लगायतका पक्षहरूलाई विचार गर्नेछ ।

(५) आयोगले विगतमा गठित सुकुम्बासी समस्या समाधान आयोग, पुनर्वास कम्पनी, वन सुदृढीकरण आयोग जस्ता निकायहरूबाट सुकुम्बासी वा अव्यवस्थित

१०८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बसोबासीका नाउँमा बिक्री वितरण गरेका जग्गा प्रचलित कानून र स्वीकृत नीति विपरित-बिक्री वितरण भएको देखिएमा छानविन गरी राय सहित श्री ५ को सरकारमा पेश गर्नेछ ।

(६) साविकमा विविध कारणबस जग्गा सट्टा भर्ना दिने शर्तमा श्री ५ को सरकारले बस्ती उठाएकोमा सो शर्त अनुसार नम्बरी जग्गाको हकमा उपलब्ध भएसम्म त्यस्ता व्यक्ति वा परिवारलाई आयोगले जग्गा नै सट्टा भर्ना दिनेछ र जग्गा सट्टा दिन सकिने अवस्था नभएमा उचित क्षतिपूर्तिका लागि श्री ५ को सरकारमा अनुरोध गर्नेछ ।

(७) आयोगले गरीबी निवारणको लक्ष्य अनुरुप श्री ५ को सरकारका अन्य निकायहरूसँग समन्वय गरी सुकुम्बासी तथा न्यून आए भएका व्यक्तिहरूको सीप विकास, जिवीकोपार्जन र आय अभिवृद्धिका निमित्त विविध कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(८) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगलाई देहाय बमोजिमका अधिकारहरू प्रत्यायोजन गरिएको छः–

(क) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ अनुसार सम्बन्धित जग्गाको नाप जाँच गर्ने अधिकार र जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ३, ८ र १२ बमोजिम अधिकारीका अधिकारहरू,

(ख) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र सो को प्रयोजनका लागि मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिमको समितिको अधिकार,

(ग) भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१, २१क, २१ख, २२, २४ र २४क को प्रयोजनका लागि भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार,

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क र ६ख अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार ।

(९) आयोगले जग्गा वितरण वा बिक्रीको क्रममा प्रथमतः उपयुक्त स्थान पहिचान गरिसकेपछि आयोगबाट तोकिएको ढाँचामा लगत लिई सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पहिचान गरी आवश्यकतानुसार जग्गाको नापनक्सा र

१०८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कित्ताकाट समेत गराई यसै कार्यनीतिको अधिनमा रही त्यस्तो जग्गा सम्बन्धित सुकुम्बासी वा अव्यवस्थित बसोबासीको नाउँमा दर्ता गरी जग्गा धनि प्रमाणपूर्जा दिनेछ ।

(१०) आयोगले आफ्नो काम कारबाहीहरू सुव्यवस्थित रुपमा सञ्चालन गर्न गराउनका लागि एक वा एकभन्दा बढी जिल्लाको कार्य हेर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको समन्वयमा आवश्यकतानुसार जिल्ला समितिहरूको गठन गर्न सक्नेछ ।

४. जिल्ला समितिको गठनः (१) सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समितिको गठन निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| (क) आयोगले तोकेको व्यक्ति | संयोजक |
| (ख) आयोगले तोकेको व्यक्ति | सह-संयोजक |
| (ग) आयोगले तोकेको बढीमा ७ जना व्यक्ति | सदस्य |
| (घ) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (ङ) सम्बन्धित जिल्लाको मालपोत कार्यालयको प्रमुख | सदस्य |
| (च) सम्बन्धित जिल्लाको वन कार्यालयको प्रमुख | सदस्य |
| (छ) सम्बन्धित जिल्लाको नापी शाखाको प्रमुख | सदस्य |
| (ज) सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको सचिव | सदस्य |
| (झ) सम्बन्धित जिल्लाको भूमिसुधार अधिकारी वा सो नभएको जिल्लामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत | सदस्य-सचिव |

(२) सम्बन्धित जिल्लाका माननीय सांसदहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिबाट निर्णय भई आयोगबाट सो निर्णय अनुमोदन भए पश्चात् तोकिएको मूल्य लिई नक्सा श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा प्रमाणित गर्ने काम समितिको सदस्य- सचिवको हुनेछ ।

५. कारबाही बदर गर्न सक्नेः— यसै कार्यनीति बमोजिम जग्गा वितरण वा बिक्री गर्दा काम कारबाही त्रुटीपूर्ण भए गरेको देखिएमा आयोगको समेत प्रतिक्रिया लिई भूमि सुधार तथा व्यवस्था मन्त्रालयले त्यस्तो कारबाही बदर गर्न सक्नेछ ।

१०८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. हक हस्तान्तरण तथा बेच बिखनमा प्रतिबन्धः– सुकुम्बासीलाई वितरण गरिएको जग्गा कम्तीमा १५ वर्षसम्म हक हस्तान्तरण, बेच बिखन गर्न वा कुनै किसिमले दान दातव्य वा धीतो बन्धक राख्न पाईने छैन । तर प्रचलित कानून बमोजिम जग्गावालाको मृत्युपछि नामसारी सम्म गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

७. अधिकार प्रत्यायोजनः– आयोगले आफ्ना अधिकारहरू अध्यक्ष, उपाध्यक्ष, सदस्य वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. कर्मचारी सम्बन्धी व्यवस्थाः– (१) आयोगको केन्द्रीय सचिवालय र जिल्ला समितिलाई आवश्यक पर्ने दरबन्दी समितिले निर्धारण गरेको दरबन्दी बमोजिमका कर्मचारीहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालयले काजमा उपलब्ध गराउनेछ ।

(२) नापी कार्यको लागि आयोगले तोकिदिए अनुसारका जञ्जिरदारहरू जिल्ला समितिले दैनिक ज्यालादारिमा नियुक्त गरी काम चलाउन सक्नेछ ।

(३) अर्थ मन्त्रालय, समान्य प्रशासन मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सुकुम्बासी समस्या समाधान आयोगका एक एक जना प्रतिनिधि रहेको एक दरबन्दी समिति रहनेछ । उक्त समितिले आयोग र जिल्ला समितिमा आवश्यक पर्ने परिचरदेखि राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीहरूको दरबन्दी निर्धारण गर्नेछ ।

९. आयोगको जग्गा वितरण सम्बन्धी कार्यावधिः– आयोगले नेपाल अधिराज्यभर जग्गा वितरणको कार्य आयोग गठन भएको मितिले बढीमा ३ वर्षभित्र पूरा गरी सक्नु पर्नेछ ।

१०. श्री ५ को सरकारसँगको सम्पर्कः– आयोगको सम्पर्क मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुनेछ ।

आज्ञाले,
योद्धा शाह
श्री ५ को सरकारको सचिव

१०८४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।